# वैदेशिक रोजगार नीति २०६८

## १ पृष्ठभूमि:

जनसंख्या वृद्धिको अनुपातमा प्रतिवर्ष अनुमानित ४ लाखको दरले[१] श्रम बजारमा आउने श्रम शक्तिको लागि पर्याप्त उत्पादनशील तथा आयमूलक रोजगारका अवसरहरुको सिर्जना गर्ने चुनौती आज राष्ट्रका सामु विद्यमान छ। विकासका राम्रा सम्भावनाहरु हुंदाहुदै पनि विगतमा मुलुकको आर्थिक-सामाजिक विकासको गति ज्यादै मन्द रह्यो। फलतः मुलुकमा रोजगार बजार अपेक्षित रुपमा विस्तार हुन सकेन। तुलनात्मक श्रम लागतको सिद्धान्त अनुसार विकसित मुलुकहरुमा विकासोन्मुख तथा कम विकसित मुलुकहरुबाट श्रम आप्रवासन हुने प्रवृत्ति रहेकाले नेपालीहरुका लागि पनि वैदेशिक रोजगारको अवसरहरु खुल्न गएका छन्। विगत केही वर्षदेखि वैदेशिक रोजगारका लागि नयाँ नयाँ गन्तव्य मुलुकहरु देखापरेका छन् र यसबाट बेरोजगार समस्या न्यूनीकरण गर्ने एउटा आकर्षक विकल्पको रुपमा वैदेशिक रोजगार देखा परेकोछ।

नेपालको कुल जनसंख्याको करिव २० प्रतिशत मानिसहरु घरपरिवारबाट बाहिर वसोवास गर्दछन्। करिव ५३ प्रतिशत घरपरिवारको कम्तीमा एक जना सदस्य अनुपस्थित रहेको पाइन्छ, जसमध्ये २८ प्रतिशत घरपरिवारको कम्तीमा एक जना सदस्य विदेशमा रहेका छन्।[२] नेपालमा ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गरेका छन्। यसैगरी घरपरिवारले प्राप्त गर्ने औसत विप्रेषण रु. ८०,४३६ पुगेकोछ, जसमा देश बाहिरबाट प्राप्त हुने विप्रेषणको अंश ८० प्रतिशत रहेको छ। विप्रेषण प्राप्त गर्ने घरपरिवारको कुल आम्दानीमा यसको अंश ३१ प्रतिशत देखिन्छ। विगत पन्ध्र वर्षको अन्तरालमा प्रति व्यक्ति विप्रेषण प्राप्ति रु. ६२५ बाट करिव पन्ध्र गुनाले वृद्धि भई रु.९,२४५ पुगेकोछ।[३]

नेपालबाट आर्थिकवर्ष ०६७/६८ सम्म औपचारिक तवरले २० लाख ८१ हजार २५ जना[४] नेपाली कामदारहरु भारत वाहेकका मुलुकमा गएको आंकडा छ। यसैगरी विना स्वीकृति पनि ठूलो संख्यामा नेपालीहरु वैदेशिक रोजगारीमा संलग्न रहेकाछन्। यसबाट नेपालले गतवर्ष करिब २५९.५३ अर्ब रुपैयाँ विप्रेषणको रुपमा प्राप्त गरेको छ।[५] देशको कुल गार्हस्थ उत्पादनमा करिब २० प्रतिशत[६] योगदान रहेको विप्रेषण आयले विगतका केही वर्षहरुमा उत्साहजनक रुपमा गरिबी घट्नुमा प्रमुख योगदान दिएको छ।[७] विप्रेषणको ठूलो अंश ग्रामीण क्षेत्रमा जाने गरेको र यसले जीवनस्तरमा सुधार ल्याउन तथा गरीबी र भोकमरी घटाउन[८] महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। वि.सं २०५२ मा नेपालको कूल जनसंख्याको ४२ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेकोमा २०६० मा ३१ प्रतिशत र हाल २५.१६ प्रतिशतमा झर्नुमा विप्रेषण प्रमुख कारक रहेकोछ।[९]

---

१ राष्ट्रिय योजना आयोग, २०६७, त्रिवर्षीय योजना २०६७/६८- २०६९/७० पेज नं. ६, काठमाण्डौ।

२ नेपाल जीवन स्तर सर्वेक्षण, तेस्रोको संक्षिप्त नतिजा सार्वजनिक गरिएको बारे ०६६।६७ प्रेस सूचना पेज नं. २ के.त.वि

३ नेपाल जीवन स्तर सर्वेक्षण, तेस्रोको संक्षिप्त नतिजा सार्वजनिक गरिएको बारे ०६६।६७ प्रेस सूचना पेज नं. ३ के.त.वि

४ वैदेशिक रोजगार विभाग आ.व. ०६७।६८ को प्रतिवेदन www.dofe.gov.np

५ नेपाल सरकार, अर्थ मन्त्रालय, २०६८ आर्थिक सर्वेक्षण, आ.ब ०६७/६८ पृष्ठ संख्या XXIV, काठमाण्डौ

६ Migration & Development Brief 13 Migration & Remitance Unit, World Bank, November 8, 2010.

७ नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७

८ त्रिबर्षीय योजना २०६७/६८-०६९/७०, राष्ट्रिय योजना आयोग , पेज १३

९ नेपाल जीवन स्तर सर्वेक्षण, तेस्रो २०६६।६७

## २ विगतका प्रयासहरु:

वैदेशिक रोजगारलाई नियमन गर्ने उद्देश्यले जारी गरिएको वैदेशिक रोजगार ऐन, २०४२ वैदेशिक रोजगारका चुनौतीहरुलाई समाधान गर्न प्रभावकारी हुन नसकेकोले वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित, सुरक्षित र भरपर्दो बनाउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ जारी भई हाल कार्यान्वयनमा रहेका छन् । वैदेशिक रोजगारलाई नियमन तथा व्यवस्थित गर्ने उद्देश्यले वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको स्थापना गरिएको छ । यस्तै वैदेशिक रोजगार सम्बन्धी कसुरको छिटोछरितो न्यायिक निरुपणको निमित्त वैदेशिक रोजगार न्यायाधिकरणको गठन भएकोछ ।नेपाली श्रमिकको मुख्य गन्तव्य मुलुकका दूतावासलाई आर्थिक एंव श्रम कुटनीतितर्फ उन्मुख गराउने प्रयास गरिएकोछ । उक्त व्यवस्थाहरुले पनि हालको समुच्च आप्रवासन चक्र एवं वैदेशिक रोजगारका क्षेत्रमा देखिएका वृहत् समस्याहरुलाई पर्याप्त सम्वोधन गर्न नसकिएको र माथि उल्लेख गरे अनुसार ठूलो मात्रामा प्राप्त हुने आर्थिक सामाजिक विप्रेषणको उचित व्यवस्थापनमा समेत ध्यान जान आवश्यक भएकोले वैदेशिक रोजगार नीतिको तर्जुमा गर्नु परेको हो ।

## ३ वर्तमान स्थिति:

रोजगार, आर्थिक अवसर, गरिवी निवारण, विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुर्‍याएको योगदानका दृष्टिले वैदेशिक रोजगार ज्यादै महत्वपूर्ण क्षेत्रको रुपमा रहेकोछ । प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने तीन चौथाई युवायुवतीहरुको प्रमुख आकर्षण वैदेशिक रोजगार हुन गएकोछ । हाल दैनिक एक हजारको हाराहारीमा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् । उच्च प्रतिभायुक्त र दक्ष जनशक्तिहरु समेत प्रतिस्पर्धात्मक क्षमता अनुसार अवसरको खोजीको क्रममा क्षमता विकास र सुविधायुक्त जीवनयापनको सम्भावनालाई दृष्टिगत गरी वैदेशिक रोजगारमा आकर्षित हुन थालेका छन् ।

नेपालको जनसंख्या बनौटमा उत्पादनशील उमेर (१५-६४) समूहको जनसंख्या ५६.५ प्रतिशत रहेको छ, भने श्रम सहभागिता दर ८३.४ प्रतिशत रहेको छ । यसैगरी हाल वेरोजगार २.१, अर्धवेरोजगार ६.७ प्रतिशत, अपर्याप्त कमाइ भएका ८.१ प्रतिशत र १३.२ प्रतिशत आफ्नो सीप सुहाउदो पेशा नभएको देखिएकोछ । यसरी १५ वर्ष भन्दा माथिका आर्थिक क्रियाकलापमा संलग्न जनशक्तिहरुको श्रम अल्प उपयोग दर ३० प्रतिशत रहेको देखिन्छ । [१०]

नेपालको कुल जनसंख्या २,६६,२०,८०९ मध्ये विदेशमा रहेको (Absent Population) संख्या १९,१७,९०३ देखिएको छ, जसमध्ये पुरूष १६,६३,२३७ (८६.७ प्रतिशत) र महिला २,५४,६६६ (१३.३ प्रतिशत) रहेको छ । भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्याको विश्लेषण गर्दा तराईबाट विदेशमा गएका ८,११,८८०, पहाडबाट ९,९८,०८७ र हिमालबाट १,०७,९३६ जना देखिन्छन् ।[११] यसबाट कुल जनसंख्याको करिव ७.२० प्रतिशत जनसंख्या रोजगार तथा अन्य कारणबाट मुलुक बाहिर रहेको प्रष्ट भएको छ र यसको अधिकांश हिस्सा वैदेशिक रोजगारमा नै केन्द्रित रहेकोछ । मुलुकका सवै जिल्लाबाट धेरै थोरै व्यक्तिहरू वैदेशिक रोजगारमा गएको देखिएकोछ । वैदेशिक रोजगारको मुख्य गन्तव्य मुलुकहरुमा मलेशिया, कतार, साउदी अरव, संयुक्त अरव इमिरेट्स, कुवेत, वहराइन, ओमन र दक्षिण कोरिया रहेका छन् ।

महिलाहरुको वैदेशिक रोजगारीमा बढ्दो आकर्षण र संलग्नता छुट्टै चासोको विषय भएकोछ । विश्वव्यापीकरण, लोकतान्त्रिक शासन प्रणालीको अवलम्बन तथा शिक्षा र चेतनास्तरको अभिवृद्धिका कारण नेपाली महिलाहरु समेत उल्लेख्य रुपमा वैदेशिक रोजगारमा संलग्न हुने क्रम बढ्दोछ । विकसित तथा उच्च आय भएका मुलुकहरुमा देखापरेको जनसांख्यिक बनौट अनुसार विश्व श्रम बजारमा ज्येष्ठ नागरिकहरुलाई सेवा गर्ने Care Industry तथा घरेलु कामदारका क्षेत्रमा महिलाहरुको संलग्नता बढ्दो

---

[१०] नेपाल श्रमशक्ति सर्वेक्षण-दोस्रो २०६४/६५ संक्षिप्त नतिजा

[११] राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक नतिजा के.त.वि

क्रममा देखिन थालेकोछ । महिलाहरुले आर्जन गरेको विप्रेषणको ४५ प्रतिशत रकम आधारभूत आवश्यकता परिपूर्ति, बालवालिकाको शिक्षा र परिवारका सदस्यहरुको स्वास्थ्यका क्षेत्रमा खर्च हुने गरेको देखिन्छ जसले सहस्राव्दी विकास लक्ष्य हासिल गर्न र गरिवी निवारणमा टेवा पुऱ्याएकोछ ।[१२]

हालका वर्षमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्यामा देखिएको बढ्दो प्रवृत्तिसंगै, स्वदेशमा नै ठगी तथा अनियमितताका घटनाहरुमा वृद्धि, गन्तव्य मुलुकको सामाजिकसांस्कृतिक जीवन वारे पर्याप्त जानकारीको अभाव तथा गन्तव्य मुलुकमा वैदेशिक श्रमिकको अधिकार र सुरक्षा व्यवस्था वारे पर्याप्त जानकारीको कमी हुने र भारतसंगको खुला सिमानाका कारण अनौपचारिक मार्गबाट अवैध रुपमा हुने आप्रवासन, बेचबिखन र ओसारपसार जस्ता घटनाहरु पनि बढिरहेको पाइएकोछ । व्यवसायीहरु लाभग्राही हुने तुलनामा उत्तरदायी कम हुने प्रवृत्ति, केन्द्रिकृत विभागीय संरचना र सेवा प्रवाहले परिवर्तित जनचाहनालाई सम्बोधन गर्न नसक्नाले वैदेशिक रोजगार क्षेत्रमा सुधारका निमित्त चौतर्फी दवाव समेत सृजना भएकोछ । वैदेशिक रोजगारमा जाने व्यक्तिहरु तथा तिनका परिवारका लागि सामाजिक सुरक्षा एवं पुनःएकीकरणका लागि उपयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने तर्फ पर्याप्त ध्यान पुग्न सकेको छैन । यसर्थ वैदेशिक रोजगार व्यवस्थापनका समग्र पक्षमा सुशासनको अभिवृद्धि गर्दै यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोछ ।

## ४ समस्या तथा चुनौतीः

### (क) समस्या

वैदेशिक रोजगारमा जान चाहने कामदारहरुलाई सही सूचना प्रवाह हुन नसक्दा गन्तव्य मुलुकमा कामदारको सुरक्षा प्रमुख समस्याको रुपमा देखिएकोछ । खासगरी रोजगारको अवसरको खोजी र जीविकोपार्जनको आवश्यकता पूरा गर्न बाध्यात्मक अवस्थामा रहेका मानिसहरु वैदेशिक रोजगारको क्रममा शोषित हुने गरेका घटनाहरु बढिरहेका छन् । कानूनमा व्यवस्था भए बमोजिम अनिवार्य अभिमुखीकरण तालिमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, दक्ष एवं व्यवसायिक तालिम प्राप्त गरेका जनशक्ति उत्पादन हुन नसक्नु, गन्तव्य मुलुकको श्रम कानून, रहनसहन, संस्कृति र भाषाका सम्बन्धमा न्यूनतम ज्ञान दिन नसक्नु, कामदारहरुले करार बमोजिम प्राप्त हुनुपर्ने तलव तथा अन्य सुविधा नपाउनु एवं तोकिएको काम भन्दा फरक एवं खतरायुक्त काम गर्न बाध्य पारिनु मुख्य समस्याका रुपमा देखिएका छन् । नक्कली कागजात वा गलत प्रक्रियाको अवलम्बन, विना स्वीकृति खुला सिमानाको प्रयोग गरी वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा वृद्धि, भिजिट भिषा वा इन्ट्रि भिसाका नाउँमा विना श्रम स्वीकृति वैदेशिक रोजगार बजारमा प्रवेशले बेचविखन र शोषणको जोखिमहरु बढाएकोछ ।

वैदेशिक रोजगार व्यवसायीहरुसँग सम्बन्धित एजेन्सीहरुको संस्थागत क्षमता कमजोर हुनु, व्यवसायीहरुको गुणात्मक भन्दा संख्यात्मक बृद्धि, गन्तव्य मुलुकका रोजगारदातासंग सिधा पहुंचको अभाव, कार्यप्रणालीमा पारदर्शिताको कमी, एजेन्टहरु कानूनी दायरामा नआउनु र अनधिकृत एजेन्टको प्रभाव, नक्कली कागजात वा गलत प्रक्रियाको अवलम्बन जस्ता समस्याहरु देखिएका छन् । वैदेशिक रोजगारमा जाने कामदारहरुलाई स्वास्थ्य परीक्षणका लागि सूचीकृत स्वास्थ्य व्यवसायीहरुको कमजोर गुणात्मक अवस्था, गन्तव्य मुलुकहरुबाट नै स्वास्थ्य संस्थाको छनौटका कारण सूचीकृत संस्थाहरुको कार्यदायरा संकुचित भएका कारणले पनि प्रतिस्पर्धात्मक सेवा प्रवाहमा अवरोध सृजना भएको देखिन्छ ।

वार्षिक श्रम बजारमा थप हुने जनशक्तिमध्ये अदक्ष कामदारहरुको संख्या उच्च रहनाले नेपालको अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएकोछ । यसबाट कामदारहरु माथि जोखिम समेत बढ्न गएको छ । हाल नेपाली कामदारहरुमध्ये ७५ प्रतिशत श्रमिक अदक्ष तथा २५ प्रतिशत मात्र

---

१२ Linking Remittance with Gender, Sustainable Livelihoods and Development, UN Women को लागि NIDS को अध्ययन

अर्धदक्ष देखिन्छ । करीव ८० प्रतिशत श्रमिक २०–३० वर्षको उमेरको र ७५ प्रतिशत माध्यमिक शिक्षा समेत पूरा नगरेको देखिन्छ ।[१३]

मुलुकमा रोजगारको अवसरको कमी, स्वदेशमा आय आर्जन हुने जुनसुकै काम गरे पनि हुन्छ भन्ने सकारात्मक सोचाईको न्यूनता, गरिवी, अशिक्षा, द्वन्द्व, सामाजिक तथा लैङ्गिक विभेद, कानून कार्यान्वयनको कमजोर अवस्था, अपर्याप्त र गलत सूचना प्रवाह, प्राकृतिक प्रकोपका कारण स्वदेशमा आर्थिक उपार्जनका अवसरको कमी, छिटो सम्पत्ति कमाउने लालसा आदि अनेकौ कारणले मानिसहरु वैदेशिक रोजगारको क्रममा ठगिने वा जोखिमपूर्ण अवस्थामा पुगेको पाइन्छ ।

वैदेशिक रोजगार व्यवस्थापनका लागि गठित विभागको केन्द्रीकृत संरचनाका साथै कामदारहरुको बढ्दो संख्याको तुलनामा आवश्यक जनशक्ति र क्षमता न्यून हुनु, एकीकृत श्रम आप्रवासन सूचना प्रणाली (Labour Migration Information System) लागू गर्न नसकिनु, वैदेशिक रोजगार एजेन्सीहरु तथा सम्बद्ध संस्थाहरुका क्रियाकलापहरुको अनुगमन तथा निरीक्षण प्रणाली प्रभावकारी हुन नसक्नु जस्ता समस्याहरु देखिएका छन् । यसैगरी वैदेशिक रोजगारका नाममा हुने ठगी नियन्त्रण गर्न स्थापित संयन्त्रहरुको प्रभावकारी परिचालन हुन नसक्नु, मुख्य गन्तव्य मुलुकहरुसंग द्विपक्षीय श्रम संझौताको अभावका कारण कानूनी उपचारमा समस्या, भएका संझौताको कार्यान्वयन अनुगमन तथा पुनरावलोकन हुन नसक्नु र स्थानीय निकायहरु मार्फत स्थानीय स्रोतको संभाव्यताको अपेक्षित रुपमा परिचालन गर्न नसक्नु जस्ता समस्याहरु रहेका छन् । मुलुकको सीमित स्रोत तथा लगानीबाट तयार भएका उच्च सीपयुक्त, जनशक्ति पलायन हुनु तथा विदेशमा रहे बसेका नेपालीको सीप, दक्षता तथा पूँजीलाई देश विकासको क्रममा उपयोग गर्ने वातावरण सृजना हुन सकेको छैन ।

यसैगरी वैदेशिक रोजगार व्यवस्थापनमा सुशासनको कमी, कमजोर बजार प्रवर्द्धन र श्रमबजार सूचना प्रणालीको (LMIS) अभाव, नेपाली कामदारको अधिकार तथा हित संरक्षणमा अपेक्षित सरकारी प्रयत्न हुन नसक्नु, आधिकारिक प्रक्रियाबाट विप्रेषण भित्र्याउन र सो को उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, कुटनीतिक नियोगहरुको उपस्थिति सीमित मुलुकहरुमा रहनु, प्रमुख गन्तव्य मुलुकहरुमा रहेका कुटनीतिक नियोगहरुको भूमिका आर्थिक एवं श्रम कुटनीतितर्फ अपेक्षित परिचालन हुन नसक्नु र गैर आवासीय नेपालीहरुलाई अपेक्षित रुपमा परिचालन गर्न नसकिनु र भएका नियोगहरुको पनि प्रभावकारी परिचालन हुन नसक्नु, मुख्य गन्तव्य मुलुकहरुको कुटनीतिक उपस्थिति स्वदेशमा नहुनु जस्ता समस्याहरु विद्यमान छन् । वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्रमा राज्यको न्यून लगानी, कमजोर समन्वय संयन्त्र, कमजोर कानून कार्यान्वयनको अवस्था, स्थानीय निकायको परिचालनको कमी, जनचेतनाको अभाव, तालिम संरचनाको कमजोर स्थिति वर्तमान अवस्थामा मुख्य समस्याका रुपमा देखिएका छन् ।

महिलाहरुका लागि तुलनात्मक आकर्षक एवं लोकप्रिय गन्तव्य मुलुकहरुमा पहुंचको कमी, आवश्यक सीप एवं सूचनाको अभाव, खुला सिमानाका कारण महिलाहरु अक्सर अनौपचारिक मार्गबाट विशेषगरी घरेलु कामदारका रुपमा विदेश जाने हुँदा उनीहरु जोखिमयुक्त काममा लगाइने, महिला रोजगारलाई हेर्ने नकारात्मक सामाजिक दृष्टिकोण, शारीरिक शोषण एवं यौन दुर्व्यवहार र शोषणबाट पीडित हुनु जस्ता समस्याहरु विद्यमान छन् । यसैगरी मुख्य गन्तव्य मुलुकहरुले घरेलु कामदारलाई श्रम कानूनको दायरामा नल्याउँदा कानूनी संरक्षण पाउनमा कठिनाइ हुनु, मुख्य गन्तव्य मुलुकहरुमा पर्याप्त सुरक्षित गृह स्थापना गर्न नसक्नु र भएका सुरक्षित गृहबाट समेत महिला कामदारहरुलाई अपेक्षित सेवा र सुरक्षा प्रदान गर्ने कार्य हुन नसकेको यथार्थता हाम्रो सामुछ । यसपरिवेशमा महिला कामदारको आधारभूत मानव अधिकारको संरक्षण गर्न कठिनाइ हुने गरेकोछ ।

वैदेशिक रोजगारमा जाने नेपाली महिला कामदारहरुको भाषागत दक्षता, सीप र प्रतिस्पर्धी क्षमताको अभावका कारण न्यून तलब सुविधा पाउने, असुरक्षित तथा जोखिमपूर्ण काममा संलग्न हुनुपर्ने, शोषण एवं दुर्व्यवहारबाट पीडित भई यसवाट आधारभूत मानव अधिकारको उपभोग गर्न कठिन स्थिति

---

१३ वैदेशिक रोजगार, विप्रेषण र यसको नेपाली अर्थतन्त्रमा प्रभाव-२०१०, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तराष्ट्रिय आप्रवासन संगठन, पृष्ठ १०

देखापरेको छ । महिला कामदारहरुको हकमा यौनजन्य दुर्व्यवहार, शारीरिक हिंसा, आर्थिक शोषण, घरेलु कामदारको रुपमा जाने महिलाहरुलाई प्राप्त हुनुपर्ने न्यूनतम कानूनी संरक्षण प्राप्त हुन नसक्नु र महिला रोजगारलाई हेर्ने नकारात्मक सामाजिक दृष्टिकोण मुख्य समस्या हुन् ।

यसैगरी वैदेशिक रोजगारका क्रममा हुने पारिवारिक विछोडबाट परिवारिक जीवनमा आउने समस्याहरु खासगरी पारिवारिक विखण्डन, महिलाहरुको जिम्मेवारीमा आएको परिवर्तनबाट उनीहरुलाई बढ्दो कार्यचाप, वालबच्चाले अभिभावकबाट पाउने वात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरुको रेखदेखमा हुने कमी, परिवारका सदस्यहरुमा देखिने मनावैज्ञानिक असर जस्ता सामाजिक लागत बढ्दोरुपमा देखिएका छन् ।

(ख) चुनौती :

माग अनुसार कामदारहरुको दक्षता विकास गर्नु, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि तालिम र सीप विकास गर्नु, सम्वद्ध निकायहरु बीच समन्वय र सहकार्य अभिवृद्धि गर्नु, आप्रवासन लागत न्यून गर्नु, कुटनीतिक नियोगलाई सक्षम, सुदृढ गराउनका साथै मुख्य गन्तव्य मुलुकहरुमा नियोगहरुको स्थापना गर्नु, अलेखबद्ध रुपमा जाने कामदारहरुको सुरक्षा गर्नु, कामदारको सर्वोपरी हितको सुरक्षा र समस्यामा परेका कामदारहरुलाई उद्धार गर्नु, महिला कामदारको सुरक्षा र उनीहरुको आधारभूत मानव अधिकारको संरक्षण गर्नु, औपचारिक माध्यमबाट विप्रेषण प्राप्त गर्नु, विप्रेषण आयलाई उत्पादनमुलक काममा लगाई पुर्नस्थापनालाई प्रभावकारी बनाउनु, वैदेशिक रोजगारको सामाजिक लागतलाई न्यून गर्नु, वैदेशिक रोजगार सम्बद्ध सरोकारवालाहरु बीच अन्तर्निकाय समन्वय गर्नु, आन्तरिक एवं स्थानीय स्रोत परिचालन र अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु एवं रोजगारदाता मुलुकसंगको सम्बन्ध सुदृढ गर्नु जस्ता चुनौतीहरु रहेका छन् ।

## ५ नयाँ नीतिको आवश्यकता:

मानव अधिकार सम्बन्धी नेपाल पक्ष भएका आधारभूत लिखतहरु खासगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६५, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, महिला विरुद्धका सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९८९ र वाल अधिकार महासन्धि १९७९ तथा अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धिहरु १४३ र ९७ मा सन्निहित सिद्धान्तहरुलाई नेपालको वैदेशिक रोजगार नीतिमा क्रियाशील गर्न आवश्यक देखिएकोछ ।

यसैगरी, नेपालको अन्तरिम संविधान २०६३, चालु आवधिक योजना, राष्ट्रिय मानव अधिकार कार्ययोजना २०६१, महिला अधिकार महासन्धिको राष्ट्रिय कार्ययोजना २०६०, वेइजीङ्ग कार्ययोजना, २०६१ समेतमा व्यक्त आप्रवासी कामदार र आप्रवासन प्रक्रियासंग सम्बन्धित नीतिहरुमा रहेका प्रतिबद्धताहरु कार्यरुपमा रुपान्तरण गर्नुपर्ने आवश्यकताछ ।

वैदेशिक रोजगार नेपाली युवाहरुका लागि अवसरको रुपमा विकसित भइरहेको र उनीहरुले नेपाल र गन्तव्य मुलुकको विकासमा उल्लेखनीय योगदान पुऱ्याइरहेको सन्दर्भमा नेपाली कामदारहरुको लागि स्वदेश र गन्तव्य मुलुकहरुमा थप संरक्षण आवश्यक भएकोछ । यसर्थ श्रम तथा वैदेशिक रोजगार सम्बन्धी छरिएर रहेका विद्यमान व्यवस्थाहरुलाई एकीकृत गरी आप्रवासन प्रक्रियालाई सुरक्षित र पहुँचयोग्य बनाउँदै वैदेशिक रोजगार व्यवस्थापनलाई मार्गदर्शन गर्न र वैदेशिक रोजगारमा संलग्न नेपालीहरुको अधिकार संरक्षण गर्न वैदेशिक रोजगार नीति, २०६८ तर्जुमा गरिएकोछ ।

६ **लक्ष्य:**

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउदै वैदेशिक रोजगारबाट हुने आर्थिक तथा गैरआर्थिक लाभबाट गरिबी निवारण तथा राष्ट्रको दिगो आर्थिक र सामाजिक विकासमा अधिकतम् योगदान पुऱ्याउने ।

७ **उद्देश्य:**

मुलुकको जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारमा उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने ।

८ **नीति:**

वैदेशिक रोजगारका प्रमुख नीतिहरु देहाय बमोजिम रहेका छन्:

क. अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारका अवसरहरुको पहिचान तथा प्रवर्द्धन गर्ने ।
ख. प्रतिस्पर्धात्मक क्षमता सहितका सीपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारको लाभलाई अधिकतम गर्ने ।
ग. वैदेशिक रोजगारका समग्र चरणहरु तथा प्रक्रियालाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने ।
घ. श्रम बजारमा महिला कामदारहरुका सरोकारलाई संबोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरुको अधिकार सुनिश्चित गर्ने ।
ङ. वैदेशिक रोजगार व्यवस्थापनमा सुशासनको प्रत्याभूत गर्ने ।
च. वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्दै क्षेत्रगत साझेदारीको अभिवृद्धिबाट सहकार्य प्रवर्द्धन गर्ने ।
छ. विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा अधिकाधिक रुपमा परिचालन गर्ने ।

९. **रणनीति:**

**९.१ अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारका अवसरहरुको पहिचान तथा प्रवर्द्धन गर्ने :**

- वैदेशिक श्रम बजारमा नेपाली कामदारहरुका निमित्त कम जोखिमपूर्ण तथा बढी आय आर्जन हुने अवसरको खोजी, विविधीकरण र प्रवर्द्धन गर्ने कार्यमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, नेपाली नियोगहरु र प्रवासी नेपाली संघसंस्थाहरुको भूमिकालाई सुदृढ गरिनेछ ।
- गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता गर्ने र त्यस्ता संझौताहरुको अनुगमन गर्ने संयन्त्र (Joint Technical Committee) विकास गरिनेछ ।
- गन्तव्य मुलुकहरु (Destination Countries), सार्क मुलुकहरु र अन्य स्रोत मुलुकहरुसँग विभिन्नस्तरमा सहकार्यका माध्यमबाट साझा दृष्टिकोण र रणनीतिहरुको विकास गरिनेछ ।
- वैदेशिक रोजगारलाई प्रवर्द्धन तथा व्यवस्थित गर्न नेपाली नियोगहरुको साधन श्रोत र क्षमता विकास गरी आर्थिक कुटनीतिको माध्यमद्वारा नियोगहरुलाई परिचालन गरिनेछ। यसका लागि नेपाली दूतावासको सशक्तीकरण, श्रम सहचारीको क्षमता अभिवृद्धि तथा प्रवासी नेपाली संघ संस्थाहरुलाई नेपाली कामदारको हकहित सम्वर्धनमा परिचालन गरिनेछ ।
- आकर्षक श्रम बजारको खोजी र प्रवर्द्धनमा निजीक्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- आप्रवासी नेपाली कामदारहरु भएको मुलुकहरुमा आवश्यकता अनुसार कुटनीतिक नियोगहरुको विस्तार तथा श्रम सहचारी (Labour Attache) तथा कल्याणकारी अधिकृतहरुको व्यवस्था गरिनेछ ।

- श्रम बजारको खोजी, विविधीकरण तथा कामदार पठाउने प्रक्रियामा आवश्यकतानुसार मान्यता प्राप्त अन्तर्राष्ट्रिय संस्थासंग सहकार्यका क्षेत्र पहिचान गरी परिचालन गरिनेछ ।
- नेपाली कामदारहरु रहेका मुलुकहरुसंग सुमधुर कुटनीतिक सम्बन्धको विकास गरी ती मुलुकहरुका नियोगहरु नेपालमा स्थापना गर्न पहल गरिनेछ ।

**९.२ प्रतिस्पर्धात्मक क्षमता सहितका सीपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारको लाभ अधिकतम् गर्ने ।**

- अन्तर्राष्ट्रिय श्रम बजारको मागको प्रवृत्तिलाई अध्ययन विश्लेषण गरी वैदेशिक रोजगारमा जान चाहने श्रमशक्तिलाई माग अनुसारको सीप तथा ज्ञान प्रदान गरी दक्षता अभिवृद्धि गरिनेछ ।
- व्यावसायिक प्रशिक्षण तथा सीप विकास केन्द्रहरुबाट वैदेशिक श्रम बजारका माग अनुसारका स्तरीय तालिम कार्यक्रमहरु क्षेत्रीय र स्थानीयस्तरमा संचालन गरिनेछ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) लगायतका संस्थाहरुसँग सहकार्य गरी विभिन्न प्रकारका तालिम प्रदान गर्ने तथा त्यस्ता तालिममा भाषालाई समेत संलग्न गरी कामदारको सीप संरचना (Skill Composition) मा सुधार गरिनेछ ।
- महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी वैदेशिक रोजगार उन्मुख स्तरीय तालिम प्रदान गर्नुका साथै वैदेशिक रोजगारलाई समावेशी बनाइनेछ ।
- वैदेशिक रोजगारलाई नयां सीप र प्रविधि भित्र्याउने माध्यमको रुपमा ग्रहण गर्नुका साथै फर्किआएका कामदारहरुको सीप तथा उद्यमशीलता प्रवर्द्धन तथा परिचालन गरी उपयोग गरिनेछ ।

**९.३ वैदेशिक रोजगारका समग्र चरणहरु तथा प्रक्रियालाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने :**

- वैदेशिक रोजगार सूचना प्रणाली सुदृढ तुल्याउनुका साथै आप्रवासन प्रक्रियाका सबै चरणहरु रोजगार पूर्व (Pre-employment), प्रस्थानपूर्व (Pre-departure), प्रस्थान (Departure), कार्यस्थल (On the Job) र पुनःएकीकरण (Reintegration) सम्बन्धी कार्यक्रमहरु विकास गरी वैदेशिक रोजगार प्रक्रियाका जोखिम न्यूनीकरण गरिनेछ ।
- श्रम आप्रवासनका कारणबाट हुन सक्ने सामाजिक र पारिवारिक विखण्डनका जोखिमलाई न्यूनीकरणका लागि अनुसन्धान एवं अध्ययन गरी सो संम्बन्धी समस्यालाई संबोधन गर्ने उपयुक्त कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।
- वैदेशिक रोजगारको क्रममा मानव तस्करी र बेचबिखनको नियन्त्रण गरिनेछ । नेपाली कामदारहरुको हक, अधिकारको सुरक्षा र संरक्षण गरिनेछ ।
- वैदेशिक रोजगार व्यावसायी, तालिम प्रदायक संस्था, बैक तथा वित्तीय क्षेत्रजस्ता वैदेशिक रोजगारबाट लाभग्राही संस्थाहरुको सामाजिक उत्तरदायित्व (Corporate Social Responsibilites) पूरा गराउनका लागि नियमन र प्रोत्साहन गरिनेछ ।
- विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा वैदेशिक रोजगार सम्बन्धी विषय समावेश गराइनेछ। साथै यस क्षेत्रको अध्ययन/अनुसन्धानको कार्यमा प्राज्ञिक र व्यवसायिक संस्थाहरुको संलग्नतालाई प्रोत्साहित गरिनेछ ।
- वैदेशिक रोजगार कल्याणकारी कोषलाई कामदारको अधिकार संरक्षण र कल्याणका लागि अधिकतम रुपमा परिचालन गरिनेछ ।
- स्थानीय निकायहरु तथा गैरसरकारी संस्थाहरुलाई परिचालन गर्दै तथ्याङ्क संकलन, सूचना संप्रेषण, ठगीको नियन्त्रण तथा कामदारको पुनर्स्थापनाको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी कामको सिलसिलामा विभिन्न देशका जेलहरुमा रहेका नेपालीहरुलाई स्वदेशका जेलमा बांकी सजाय काट्ने गरी स्थानान्तरणका लागि संझौता गरिनेछ ।

- वैदेशिक रोजगारमा जाने कामदारको न्यूनतम पारिश्रमिक निश्चित आधारहरु विकास गरी तोकिने छ । यस क्षेत्रका कामदार पठाउने उत्पत्तिका मुलुकहरुबाट समन्वयात्मक रुपमा न्यूनतम पारिश्रमिक निर्धारणका लागि गन्तव्य मुलुकहरुसँग सामूहिक सौदावाजी गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी सूचना/सञ्चार प्रणालीको विकास गरी ग्रामीण तहसम्म प्रवाह हुने गरी जनचेतना अभिवृद्धिका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने कामदारका लागि लागू भएको बीमा योजनामा कामदारका लाभहरु विस्तार हुने गरी पुनरालोकन गरिनेछ । उनीहरुका लागि सामाजिक सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- मानव अधिकारवादी संस्थाहरु, गैर सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय स्तरका संगठन तथा संजालहरुका साथै प्रवासी नेपालीहरुलाई समेत वैदेशिक रोजगारमा हुने विभेद र शोषणका विरुद्धमा र उनीहरुका मानव अधिकारको रक्षाका लागि परिचालन गरिनेछ ।
- गैर आवासीय नेपालीहरुको भूमिकालाई, विशेषगरी नेपाली नियोगहरु नभएका स्थानमा उपयोग गरी कामदारको कानूनी उपचार, आपत्कालीन सहयोग र उद्धारमा परिचालन गरिनेछ ।
- वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन सञ्चार माध्यमहरुको भूमिकालाई सुदृढ र प्रभावकारी बनाई परिचालन गरिनेछ ।
- निजामती सेवा प्रवेश तालिम-पाठ्यक्रममा वैदेशिक रोजगार विषयलाई समावेश गरिनेछ ।

### ९.३.१. प्रस्थानपूर्वको चरण:

- व्यवस्थित रुपमा पूर्व रोजगार (Pre-employment) का कार्यक्रमहरु संचालन गरी वैदेशिक रोजगारसँग सम्बन्धित अवसर, जोखिम तथा विकल्पहरु, आर्थिक साक्षरता र सुरक्षित वैदेशिक रोजगारका लागि अवलम्बन गर्नुपर्ने प्रक्रियाहरुको बारेमा व्यापक जागरण ल्याई वैदेशिक रोजगारमा जान चाहनेहरुले स्वनिर्णय गर्न सक्ने वातावरणको सिर्जना गरिनेछ ।
- वैदेशिक रोजगारलाई श्रम तथा रोजगार नीतिसंग आबद्ध गर्दै स्वदेशमा उपलब्ध जनशक्तिलाई आवश्यक सुविधा तथा प्रोत्साहनहरु प्रदान गरी स्वदेशमै उपयोग गर्न जोड दिइनेछ ।
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा स्थापित आप्रवासन श्रोत केन्द्रको सुदृढीकरण र विकेन्द्रीकरण गर्नुका साथै स्थानीय तहमा सूचना केन्द्र विस्तार तथा सञ्जालन (Networking) गरिनेछ। आप्रवासन सूचना केन्द्र मार्फत आवधिक रुपमा सूचना संम्प्रेषण गर्ने प्रणालीको विकास गरिनेछ ।
- वैदेशिक रोजगारमा जानु पूर्व गरिने स्वास्थ्य परीक्षणको मापदण्डलाई अन्तर्राष्ट्रियस्तरको बनाउन आवश्यक पहल गरिनेछ । वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य जाँच सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई प्रस्थान पूर्व प्रदान गरिने देशगत अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउनुका साथै सुदृढ अनुगमन प्रणालीको विकास गरिनेछ ।
- सरकारी, गैर सरकारी संस्थाहरु, वैदेशिक रोजगारका लागि इजाजत प्राप्त कम्पनीहरु, स्थानीय निकायहरु, रेडियो तथा आम संचारका माध्यमबाट व्यापकरुपमा स्थानीय समुदायहरुमा वैदेशिक रोजगारका अवसरहरु, यससँग सम्बन्धित फाइदा, अवैध आप्रवासन र बेचबिखनका जोखिमहरुका बारेमा सूचनाको प्रवाह गरिनेछ। सो कार्यका लागि श्रव्यदृश्य सामग्री तयार गर्ने तथा वैदेशिक रोजगार सम्बन्धी प्रदर्शनी जस्ता माध्यमको प्रयोग गरिनेछ। स्थानीय स्तरमा गरिने सामाजिक परिचालनका प्रशिक्षण एवं सशक्तीकरणमा यी विषयहरु समावेश गरिनेछ ।

### ९.३.२ कार्यस्थलमा (On the Job) सुरक्षा :

- अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय आप्रवासन संगठन, अन्तर्राष्ट्रिय ट्रेड यूनियन फेडरेसन, गन्तव्यस्थलका सम्वन्धित संघ संस्था जस्ता आप्रवासनको क्षेत्रमा कार्यरत संगठनहरुसितको सम्बन्ध विस्तार र सहकार्यद्वारा प्रवासी नेपाली कामदारहरुको अधिकारको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- वैदेशिक रोजगारको क्रममा खुला सिमानाको कारणबाट हुने अवैध मानव ओसारपसार एवं बेचबिखन र मानव तस्करी जस्ता कार्यहरुलाई रोकथाम गरिनेछ ।

- गन्तव्य मुलुकहरुमा कार्यस्थलहरुको अनुगमन गरी काम गर्ने वातावरण र करार बमोजिम सुविधा पाए नपाएको समेत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- विभिन्न मुलुकहरुका कार्यस्थल र कुटनीतिक नियोग वा स्रोत केन्द्रहरु बीच हटलाईन सेवाहरुको स्थापना र विस्तार गरिनेछ ।
- गन्तव्य मुलुकहरुको विमानस्थलमा श्रम डेस्कको स्थापनाको लागि कुटनैतिक प्रयास गरिनेछ ।
- वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरी कुटनीतिक नियोगहरु मार्फत् कठिन परिस्थितिमा रहेका कामदारहरुलाई कानूनी सहयोग, अत्यावश्यक स्वास्थ्य सेवा एवं उद्धारको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी करारनामाको नमूना (Model Contract) तयार गरी श्रम सम्झौताहरुमा समावेश गर्ने र त्यस्ता श्रम संझौतामा रोजगारदाता राष्ट्रको श्रम कानून अन्तरगत नेपाली घरेलु कामदारलाई समावेश गर्न पहल गरिनेछ। श्रम सम्झौताहरुले स्वीकृत अन्तर्राष्ट्रिय श्रम मापदण्डहरुलाई समेट्ने कुराको सुनिश्चित गरिनेछ ।
- अलेखवद्ध (Undocumented) को अवस्थामा रहेका नेपाली कामदारहरुलाई गन्तव्य मुलुकमा नै लेखबद्ध गराउने र श्रम स्वीकृतिको नवीकरण गर्ने प्रणाली विकास गरिनेछ । साथै यस्ता कामदारलाई आपत्कालीन उद्धार तथा सहयोगको संयन्त्र विकास गरिनेछ ।
- गन्तव्य मुलुकमा आपत्कालीन आश्रयका लागि सुरक्षित गृहहरु (Safe house) को निर्माण गरिनेछ ।
- गन्तव्य मुलुकमा नेपाली कामदारको सुरक्षा र संरक्षणका लागि नेपाली नियोगहरु सुदृढ गरी श्रम सहचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

### ९.३.३ पुन:एकीकरण चरण :

- वैदेशिक रोजगारलाई नयाँ सीप र प्रविधि भित्र्याउने माध्यमको रुपमा प्रयोग गर्नुका साथै फर्किआएका कामदारहरुको सीप तथा बचतलाई उद्यमशीलता प्रवर्द्धनमा परिचालन गरी देश विकास र गरिबी निवारणको प्रक्रियामा स्वदेश फर्किएका कामदारहरुको भूमिकालाई विकास साझेदारको रुपमा मान्यता प्रदान गरिनेछ ।
- फर्किआउने कामदारहरुको लागि प्रभावकारी आर्थिक तथा सामाजिक पुन:एकीकरणका प्याकेज कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्की आउनेहरुको अनुभवलाई अभिमुखीकरण, सीप प्रशिक्षणमा उपयोग गरिनेछ । वैदेशिक रोजगारमा गएका वा फर्केका नागरिकहरुको अभिलेख (Database) तयार गरी अध्यावधिक गरिनेछ। आगमनको पहिलो विन्दूमा अध्यागमन कार्यालयबाटै यस्तो प्रक्रिया आरम्भ गरिनेछ ।
- वैदेशिक रोजगार कल्याणकारी कोष मार्फत् मनो-सामाजिक परामर्श केन्द्र एवं पुनर्स्थापना केन्द्रहरुको स्थापना गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्की आउनेहरुका लागि उद्यमशीलता, पूँजी निर्माण र लगानी आदि सम्बन्धमा प्रशिक्षण दिने खालका संस्थाहरुको विकासलाई प्रोत्साहित गरिनेछ ।
- विप्रेषणको उत्पादनशील लगानी र अधिकतम लाभ प्राप्त हुन सक्ने गरी सार्वजनिक निजी साझेदारीमा आधारित उद्यम र लगानीहरुलाई प्रोत्साहित गरिनेछ ।
- स्वदेशी बैंक तथा वित्तीय संस्थाहरु र गन्तब्य मुलुकका बैंकिङ्ग संस्थाहरुसँग सम्बन्ध स्थापित गराई औपचारिक मार्गबाट विप्रेषण भित्र्याउने तथा प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानीका लागि विशेष कार्यक्रम तर्जुमा गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने कामदारका परिवारहरुका लागि पारिवारिक सहयोग प्रणाली (Family Support Sytems) विकास गरी शिक्षा, स्वास्थ्य, सामुदायिक विकास र कल्याणकारी कार्यक्रमहरु संचालन गरिनेछ। वैदेशिक रोजगारमा जाने कामदारका वालवच्चाको हितका लागि स्थानीय निकाय, बालकल्याण समिति तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**९.४ श्रम बजारमा महिला कामदारहरुका सरोकारलाई संवोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरुको अधिकार सुनिश्चित गर्ने :**

- वैदेशिक रोजगार सम्बन्धी कानून, नीति, कार्यक्रम र आयोजनाहरु लैङ्गिक दृष्टिले विश्लेषण गरी महिलाहरुका सुरक्षा लगायतका विशिष्ठ आवश्यकताहरु सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारमा जान चाहने महिलाहरुको लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी अवसरहरुमा विविधिकरण तथा तदअनुरुप सीपमूलक तालिम तथा प्रशिक्षण दिइनेछ ।
- वैदेशिक रोजगारमा जान चाहने महिलाहरुलाई लक्षित गरी रोजगार पूर्व चरण (Pre-Employment Stage) सघनरुपमा सूचनाहरु प्रवाहित गरी उनीहरुलाई सूचनायुक्त छनौट (Informed choice) को अवसर सिर्जना गरिनेछ ।
- श्रम आप्रवासनको प्रक्रियामा महिलाहरु विरुद्ध हुन सक्ने विभेद तथा हिंसालाई अन्त गरी उनीहरुको हक अधिकार सुनिश्चित गर्न कानूनी तथा संस्थागत उपायहरु अवलम्बन गरिनेछ ।
- द्विपक्षीय तथा वहुपक्षीय श्रम सम्झौताहरुमा महिलाको सुरक्षाका लागि विशेष प्रावधानहरु समावेश गरिनेछ ।
- वैदेशिक रोजगारमा गई फर्केर आउने महिला कामदारहरुलाई समाजमा सम्मानपूर्ण पुन:स्थापनाका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्नुका साथै वैदेशिक रोजगारप्रति सकारात्मक धारणाको विकास गराउन सचेतना, मनो-सामाजिक (Psycho-Social) सेवाहरु तथा योजना-कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी, गैर सरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरुको अन्तरमुलुक सञ्जालहरु मार्फत् समन्वयात्मक कार्यहरु सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारमा जान चाहने र आर्थिक स्रोत जुटाउन नसक्ने महिलाहरुलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गरी वैदेशिक रोजगारको अवसरमा उनीहरुको पहुँच बढाइनेछ । महिलाका लागि तर्जुमा भएको विशेष कार्यक्रममा कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।
- वैदेशिक रोजगारमा महिलाको सुरक्षा र अधिकारको संरक्षणका लागि मापदण्डहरुको विकास तथा विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ ।
- एक हजार भन्दा बढी नेपाली महिला कामदार रहेको मुलुकहरुमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गरिनेछ ।
- आप्रवासी कामदारका विषयमा महिला विरुद्धका भेदभाव उन्मूलन सम्बन्धी समितिको सामान्य सिफारिस नं.२६ (GR 26) वमोजिम दुर्व्यवहार र भेदभावको जोखिममा पर्न सक्ने महिलाहरुको सम्बन्धमा उत्पत्तिको मुलुक, बाटोमा पर्ने मुलुक र रोजगारीको मुलुकमा आप्रवासी महिलाहरुको मानव अधिकारको संरक्षण तथा अभिवृद्धि सम्बन्धी व्यवस्थाहरु कार्यान्वयन गरिनेछ ।

**९.५ वैदेशिक रोजगार व्यवस्थापनमा सुशासनको प्रत्याभूत गर्ने :**

- वैदेशिक रोजगार सम्बद्ध निकायहरुलाई विकेन्द्रित गरी सेवा प्रवाहमा संभाव्य कामदारको पहुंच सुनिश्चित गरिनेछ । आवश्यकता अनुसार वैदेशिक रोजगार कार्यालयहरुको स्थापना गरिनेछ ।
- आप्रवासन व्यवस्थापन सम्बन्धी निर्णय प्रकृया र प्रशासनलाई दक्ष, सरल, पारदर्शी र उत्तरदायी वनाइनेछ ।
- वैदेशिक रोजगार विभाग तथा कार्यालयहरुको अनुसन्धान तथा अभियोजनको क्षमता विकास गरीनेछ । साथै, कार्यालयहरुलाई आवश्यक हुने श्रोत साधन उपलब्ध गराई उनीहरुको भूमिका प्रभावकारी बनाईनेछ ।

- वैदेशिक रोजगार सम्बन्धी कानून निर्माण र कार्यान्वयनमा आप्रवासी नेपाली कामदार, वैदेशिक रोजगार व्यवसायी, वैदेशिक रोजगारका क्षेत्रमा कार्यरत महिला अधिकारबादी संस्थाहरु तथा नागरिक समाजको संस्थागत संलग्नता सुनिश्चित गरिनेछ ।
- वैदेशिक रोजगार व्यवस्थापनमा संलग्न निकायहरुको मानव संसाधन विकास तथा क्षमता अभिबृद्धिका लागि अन्तर्राष्ट्रिय मापदण्डहरु, महिला अधिकार तथा वैदेशिक रोजगार कानून बारे आवधिकरुपमा तालिम प्रदान गरिनेछ ।
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलाई स्वायत्त एवं प्रभावकारी संस्थाको रुपमा विकास गरिनेछ ।
- इजाजत प्राप्त कम्पनीहरु, अभिमुखीकरण तालिम संचालन गर्ने संस्थाहरु तथा सीपमूलक तालिम दिने संस्थाहरुको लागि अनुगमन सूचकांक विकास गरी निरन्तर निरीक्षण अनुगमन गर्ने परिपाटी अवलम्बन गरिनेछ ।
- स्थानीय निकायहरुको कानूनी एवं नीतिगत विषयहरुमा वैदेशिक रोजगार सम्बन्धी विषयहरु समाविष्ट गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी विषय क्षेत्रमा स्थानीय निकायहरुसंग सहकार्यमुखी रणनीतिहरुको अवलम्बन गरी स्थानीय निकायका योजनाहरुमा आप्रवासन व्यवस्थापन सम्वन्धी कार्यक्रमलाई समाविष्ट गरिने छ र सामाजिक परिचालनका कार्यक्रमहरुको माध्यमबाट आप्रवासन सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगार व्यवसाय र सो सम्बन्धित सेवाहरुको विकास एवं विस्तारमा निजी क्षेत्रको भूमिकालाई सुदृढ गरी सरकारले सहजकर्ता, नियामक तथा प्रवर्द्धनकारी भूमिका निर्वाह गर्नेछ । यसक्रममा निजी क्षेत्रको भूमिका विस्तार गरी उत्तरदायी बनाइनेछ ।
- वैदेशिक रोजगार व्यवसाय संचालनका लागि सेवा शुःल्क लगायतका तोकिएका मापदण्डहरुको पुनरावलोकन गरी समसामयिक सुधार गरिनेछ ।
- व्यवसायिक क्षमता, काम कारवाहीको पारदर्शिता, इजाजतपत्रवालाको छवि र कार्य सम्पादन जस्ता आधारमा वैदेशिक रोजगार व्यवसायको मूल्यांकन गरी पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगार सम्बद्ध सरोकारवालाहरु (वैदेशिक रोजगार व्यवसायी, स्वास्थ्य व्यवसायी र अभिमुखीकरण तालिम संचालन गर्ने केन्द्रहरुको) क्षमता अभिवृद्धिका लागि साझेदारीमूलक रणनीति अवलम्बन गरिनेछ ।
- इजाजत प्राप्त संस्थाहरु बीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुका साथै संस्थाहरुको कार्यविधिलाई पारदर्शी बनाउन वैदेशिक रोजगार व्यावसायीहरुको आचार संहिताको कार्यान्वयन गरि उत्तरदायी बनाइनेछ ।
- इजाजत प्राप्त कम्पनीहरुको शाखा कार्यालयहरुमा सूचना प्रवाह र तालिमका कार्यक्रमहरुलाई विकेन्द्रित गरी क्रमिकरुपमा स्थानीयस्तरमा नै वैदेशिक रोजगारमा जान चाहनेहरुलाई आवश्यक सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगार व्यवसायी संघ, सम्बन्धित सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र एवं सरोकारवालाहरुको सहकार्यमा एक श्रम आप्रवासन अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।
- वैदेशिक रोजगार पीडितका लागि निःशुल्क कानूनी परामर्श, कानूनी सहायता सेवाको सुदृढीकरण र वैदेशिक रोजगार सम्बन्धी उजुरीको सुनुवाई प्रक्रियालाई विकेन्द्रीकरण गरिनेछ ।
- वैदेशिक रोजगार न्यायाधीकरणलाई साधन स्रोत सम्पन्न बनाउनका साथै आप्रवासन सम्बद्ध तालिम तथा क्षमता विकास कार्यक्रमका माध्यमबाट दक्षता वृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारसंग सम्बन्धित स-साना विवादहरु तथा क्षतिपूर्तिसँग सम्बन्धित विषय वैकल्पिक विवाद समाधान (ADR) का माध्यमवाट समाधान गर्न वैदेशिक रोजगार कानूनमा सुधार गरिनेछ ।
- वैदेशिक रोजगारका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरी सुरक्षित, व्यवस्थित र मर्यादित गरिनेछ । यसक्रममा कामदारका लाभहरु अधिकतम् गर्दै सामाजिक लागत न्यून गरिनेछ ।

**९.६ वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्दै क्षेत्रगत साझेदारिताको अभिवृद्धिबाट सहकार्यताको प्रबर्द्धन गर्ने :**

- अन्तर्राष्ट्रिय र क्षेत्रीय (सार्क समेतका) स्तरमा कार्यरत संस्थाहरुसंग सहकार्य गरी आप्रवासी कामदारहरुको विषयमा संयुक्त घोषणा (Declaration) निर्माणका लागि पहल गरिनेछ ।
- विश्वव्यापीकरणबाट आवत जावतमा सृजना भएको खुकुलोपना र विश्व व्यापार संगठन (WTO) अन्तर्गत सेवाव्यापारको चौथो ढोका (Mode-4) ले सीपको अभाव (skill gap) परिपूर्तिका लागि अस्थायी आप्रवासनलाई स्वीकार गरेको अवसरबाट फाइदा हांसिल गर्नका लागि सरकारी निकायहरु, रोजगार व्यवसायीहरु र अनुसन्धानमूलक संस्थाहरु बीच सह-सम्बन्धको विकास गरिनेछ ।
- श्रम आप्रवासनको प्रक्रियालाई व्यवस्थित र सुरक्षित गर्ने कार्यमा अन्तर्राष्ट्रिय श्रम संगठन, Global Forum for Migration and Development, आप्रवासन सम्बन्धी अन्तर्राष्ट्रिय संघ संगठन, संयुक्त राष्ट्र संघीय निकायहरु तथा अन्य बहुपक्षीय संस्थाहरुसँगको सहकार्यलाई सुदृढ गरिनेछ ।
- स्रोत मुलुक (Country of Origin ) को हित अभिवृद्धि गर्ने मञ्चहरु जस्तै कोलम्बो प्रक्रिया, बाली प्रक्रिया तथा अन्य क्षेत्रगत मंचहरु, स्रोत तथा गन्तव्य मुलुकहरुको संयुक्त मञ्च अबुधावी वार्ता आदि जस्ता मञ्चहरु सुरक्षित आप्रवासनको लागि उपयोग गरिनेछ ।
- मुख्य गन्तव्य मुलुकहरुको कानून, अन्तर्राष्ट्रिय श्रम संगठनबाट निर्धारित मापदण्ड (International Labour Standard) बमोजिम हुन द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरुको उपयोग गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी एकीकृत कार्य योजना कार्यान्वयनका लागि विकास साझेदार तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सहयोग परिचालन गरी सहकार्यलाई प्रोत्साहित गरिनेछ ।

**९.७ विप्रेषणलाई मानवीय विकास तथा उत्पादनमूलक क्षेत्रमा अधिकाधिक रुपमा परिचालन गर्ने :**

- वैदेशिक राजगारीको क्रममा हांसिल गरेको सीप, ज्ञान र उद्यमशीलताको स्वदेशमा उपयोग गरी स्वरोजगार र रोजगारका अवसर विस्तार गर्न अनुकुल वातावरणको सृजना गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने कामदार तथा निजका परिवारलाई आर्थिक साक्षरता प्रदान गरी विप्रेषणको उपयोग प्रभावकारी बनाइनेछ ।
- विप्रेषणलाई आधिकारिक माध्यमबाट पठाउन उत्प्रेरित हुने गरी बैंक तथा वित्तिय संस्थाहरुवाट विशेष प्याकेज कार्यक्रम संचालन गरिनेछ ।
- नेपाली कामदारले औपचारिक माध्यमबाट विप्रेषण पठाउदाको कमिसन शुल्क शोधभर्ना दिने/ यसलाई विशेष सुविधासंग आवद्ध हुने व्यवस्था मिलाइनेछ तथा सोको लागि प्रचारात्मक अभियान संचालन गरिनेछ ।
- वैदेशिक रोजगार ऋणपत्रहरुको माध्यमबाट नेपाली कामदारहरुलाई विदेशमा आर्जित रकमको सुरक्षित, व्यवस्थित र उत्पादनशील क्षेत्रमा उपयोग गर्न जोड दिइनेछ ।
- आकर्षक लगानीका क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकताका आयोजनाहरुमा वैदेशिक रोजगारमा रहेका नेपालीहरुले शेयर लगानी गर्न पाउने गरी विशेष व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारमा गई फर्किदा कामदारले ल्याउने निश्चित सामग्रीहरुमा लाग्ने भन्सार तथा करहरुमा विशेष छुट तथा सुविधा प्रदान गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- विप्रेषण तथा यसको अधिकतम उपयोगका सम्बन्धमा अध्ययन/अनुसन्धान गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रममा विप्रेषण सम्बन्धी विषय आवद्ध गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका नेपाली कामदारहरुले हासिल गरेको ज्ञान, सीप र क्षमतालाई स्वदेशमा उपयोग हुने गरी उद्यम विकास सम्बन्धी मेसिनरी औजार/उपकरणको आयातमा भन्सार तथा कर लगायतका विशेष छुट प्याकेज सुविधा उपलव्ध गराइने व्यवस्था गरिनेछ ।
- विप्रेषण आयको हस्तान्तरणमा बैङ्क, वित्तीय संस्था तथा Money Transfer जस्ता संस्थाहरु ग्रामीण क्षेत्रमा विस्तार गर्ने र तिनीहरुको भूमिका प्रभावकारी बनाउन जोड दिइनेछ ।

- योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरुमा वैदेशिक रोजगार र विप्रेषणलाई आवद्ध गरिनेछ ।
- विप्रेषणलाई उद्यम क्षेत्रमा लगानी गर्न चाहने कामदारहरुलाई वैदेशिक रोजगारमा गएका नेपालीहरुले आफ्नो समुदायको विकासको निमित्त पठाएको विप्रेषणको रकममा नेपाल सरकारले थप विनियोजन गरी सामुदायिक विकास तथा स्थानीय पूर्वाधार निर्माणका कार्यक्रमहरु संचालनको व्यवस्था गरिनेछ ।

## १० संस्थागत संरचनाः

(क) वैदेशिक रोजगार व्यवस्थापन कार्यलाई सक्षम एवं प्रभावकारी तुल्याउन मार्गदर्शन प्रदान गर्ने र वैदेशिक रोजगार मार्फत हुने राष्ट्रिय आय तथा सीपलाई दीगो तथा उत्पादनमुलक लगानी तर्फ उन्मुख गर्न सम्बन्धित निकायबीच नीतिगत समन्वय र सामन्जस्य कायम गर्ने तथा अनुगमन र मूल्यांकनका लागि देहायबमोजिम उच्चस्तरीय वैदेशिक रोजगार समन्वय समिति रहनेछः

| | | |
|---|---|---|
| १. | माननीय मन्त्री श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -संयोजक |
| २. | माननीय सदस्य, राष्ट्रिय योजना आयोग (श्रम तथा रोजगार क्षेत्र हेर्ने) | -उप-संयोजक |
| ३. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| ४. | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |
| ५. | सचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| ६. | सचिव, गृह मन्त्रालय | -सदस्य |
| ७. | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| ८. | सचिव, स्थानीय विकास मन्त्रालय | -सदस्य |
| ९. | सचिव, शिक्षा मन्त्रालय | -सदस्य |
| १०. | सचिव, महिला, बालवालिका तथा समाजकल्याण मन्त्रालय | -सदस्य |
| ११. | विशिष्ट श्रेणीका अधिकृत, नेपाल राष्ट्र बैंक | -सदस्य |
| १२. | वैदेशिक रोजगार व्यवसायीहरुको संघ संस्थाहरुवाट नेपाल सरकारले तोकेको एकजना महिला सहित तीनजना | -सदस्य |
| १३. | कामदारसंग सम्वन्धित क्षेत्रमा कार्यरत संघ संस्थाहरुमध्येवाट नेपाल सरकारले तोकेको एकजना महिला सहित दुईजना | -सदस्य |
| १४. | नेपाल सरकारले तोकेको आप्रवासनसंग सम्वन्धित विषयको एकजना विज्ञ | -सदस्य |
| १५. | सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य सचिव |

उक्त समितिको बैठकमा आवश्यकतानुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ख) उच्चस्तरीय वैदेशिक रोजगार समन्वय समितिको निर्णय/निर्देशन तथा तोकिएको कार्य विवरण अनुसार वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन र कार्यान्वनस्तरमा देखिएका समस्या समाधान गर्न देहाय बमोजिम कार्यकारी समिति रहनेछ :

| | | |
|---|---|---|
| १. | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -संयोजक |
| २. | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| ३. | सहसचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| ४. | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| ५. | सहसचिव, अर्थ मन्त्रालय, | -सदस्य |
| ६. | सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |
| ७. | सहसचिव, स्थानीय विकास मन्त्रालय | -सदस्य |
| ८. | सहसचिव, शिक्षा मन्त्रालय | -सदस्य |
| ९. | सहसचिव, महिला, बालवालिका तथा समाजकल्याण मन्त्रालय | -सदस्य |

१०. सहसचिव राष्ट्रिय योजना आयोग -सदस्य
११. महानिर्देशक, वैदेशिक रोजगार विभाग -सदस्य
१२. कार्यकारी निर्देशक, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड -सदस्य
१३. प्रथम श्रेणीका अधिकृत, नेपाल राष्ट्र बैंक -सदस्य
१४. वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष -सदस्य
१५. उप-सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य सचिव

**११ आर्थिक पक्ष :**

नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई तदअनुसार बार्षिक कार्यक्रमहरुको तर्जुमा गरी आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ । यस्ता कार्यक्रमहरुमा सरकारी क्षेत्रको स्रोत लगायत अन्य संघसंस्थाहरु, गैरसरकारी र निजी क्षेत्र समेतको स्रोत साधन परिचालन हुने व्यवस्था गरिनेछ ।

**१२ कानूनी व्यवस्था :**

(क) **कानूनी सुधारः**

- यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरुको निर्माण गर्नुका साथै वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ मा समसामयिक सुधार गरिनेछ ।
- वैदेशिक रोजगार प्रक्रियामा अन्तर्राष्ट्रिय संस्थाहरुको परिचालन गर्न आवश्यक कानूनी सुधार गरिनेछ ।

**(ख) नीतिगत सुधार एवं संशोधनः**

- यस नीतिलाई हरेक पाँच/पाँच वर्षमा पुनरावलोकन गरी आवश्यकतानुसार सुधार गरिनेछ। तर अन्तर्राष्ट्रिय श्रम बजारमा आएको परिवर्तनलाई सम्बोधन गर्न आवश्यक भएमा सो अगावै पनि सुधार गर्न सकिनेछ ।

**(ग) नीतिको कार्यान्वयन व्यवस्थाः**

- यो नीति कार्यान्वयनका लागि सबै पक्षसित समन्वय र सामन्जस्य कायम गरी आवश्यक विषयगत तथा क्षेत्रगत रणनीति तयार गरिनेछ। ती रणनीति कार्यान्वयन गर्न कार्ययोजना तयार गरिनेछ।
- क्षेत्रगत मन्त्रालयहरुबाट आफ्ना कार्यक्रम तयार गर्दा यो नीतिलाई समेत आधार बनाई मूलप्रवाहीकरण गरिनेछ ।

**१३ अनुगमन र मूल्याङ्कनः**

यस नीतिको श्रम तथा यातायात व्यवस्था मन्त्रालयले आवधिक अनुगमन तथा मूल्याङ्कन गरी सो को प्रतिवेदन उच्चस्तरीय वैदेशिक रोजगार समन्वय समितिमा पेश गर्नेछ ।

**१४ जोखिम :**

नीति कार्यान्वयनमा देहाय बमोजिमका जोखिमहरु रहन सक्दछन् :

- नीति कार्यान्वयनका लागि प्रक्षेपण गरिएको योजना अनुसार स्रोत साधन उपलव्ध हुन आवश्यकछ ।
- नीतिले परिकल्पना गरे अनुसार अन्तरनिकाय समन्वय प्रभावकारी हुनुपर्ने र यसको लागि सम्वद्ध साझेदार निकायहरुबाट आवश्यक सहयोग अपेक्षित रहन्छ ।